# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ३८
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार २५ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुलाई बारम्बार आशन ग्रहण गर्न विशेष अनुरोध गर्नुहुँदै, मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ अघिल्ला बैठकहरुमा ध्यानाकर्षण भैसकेकोले बैठकको कारवाही अगाडि बढाउन सहयोग गर्न दिनोस् भन्नुहुँदै बैठकको कारवाही अगाडि बढाउनु भएपछि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु सभामुख आशनको अगाडि वेलमा आई नारा लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त मा० सदस्यहरुको नाराको बीचमै प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएका “विनियोजन विधेयक, २०७६”, “आर्थिक विधेयक, २०७६”, “राष्ट्र ऋण उठाउने विधेयक, २०७६” र “ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशहरुको जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल असार ३० गते सोमबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव